# दोर्दी गाउँपालिका
## (DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या / Ref. No : २०८०/०८१
चलानी नं. /Dispatch No :

# सार्वजनिक सुनुवाईको सूचना

(प्रकाशित मिति २०८०/०८/१३ )

**आयोजनाको नाम:** दोर्दी खोलाको तार्दी तथा मर्स्याङ्दीनदी दोवान, दोर्दी तथा मर्स्याङ्दी नदी दोवान, अर्चल घाट, जितौरे घाट, शेरा घाट, सेर्ले घाट, ब्यारेक घाट, क्युदी घाट, हिले घाट, बन्सार पुल घाटबाट दीर्घकालीन रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्ने कार्य

**प्रस्तावक:** दोर्दी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, नौथर, लमजुङ, गण्डकी प्रदेश, नेपाल

प्रस्तावित यस उत्खनन गर्दा आयोजना प्रभावित क्षेत्रको १. भौतिक प्रणाली, २. जैविक प्रणाली, ३. आर्थिक तथा सामाजिक प्रणाली, ४. साँस्कृतिक प्रणाली, ५. मानवीय क्रियाकलाप, यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भन्ने सवालहरूका बारेका प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवालाहरूसंग राय सुझाव लिइनुपर्ने भएकोले वातावरण संरक्षण नियमावली, २०७७ का अनुसार यो सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि सूचना प्रकाशित गरिएको छ ।सो सम्बन्धी निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्न लागिएको छ ।

| स्थान | मिति र समय | समय |
|---|---|---|
| गाँउपालिकाको कार्यालय | २०८०/०८/२० गते बुधबार | ११:३० देखि १२:३० |

उक्त प्रस्ताव कार्यान्वयनबाट पर्नसक्ने प्रभाव गाँउपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाले माथि उल्लेखित सार्वजनिक सुनुवाइमा उपस्थित भइ वा यस गाँउपालिकाको समाजिक संजाल/इमेलमा वा गाँउपालिका परिसरमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आइ पुग्ने गरी राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझाव पठाउने ठेगाना
दोर्दी गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
नौथर, लमजुङ,
गण्डकी प्रदेश, नेपाल
इमेल:dordigaupalika073@gmail.com

(हेमराज काफ्ले)
प्रमख प्रशासकीय अधिकत